बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८१ भाद्र ४ गतेको दिन बेसीशहर नगर पालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ४६ (छयालीसौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | | श्री गुमानसिंह अर्याल |
| नगर उप-प्रमुख | | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य वडा नं. | १, | श्री दुर्गा बहादुर बुढाथोकी |
| " " " | २, | श्री मदन बहादुर राना |
| " " " | ३, | श्री चित्र बहादुर दनाई |
| " " " | ४, | श्री राम बहादुर गुरुङ |
| " " " | ५, | श्री इन्द्र बहादुर गुरुङ |
| " " " | ६, | श्री प्रकाश थापा |
| " " " | ७, | श्री ऋषिराम बस्नेत |
| " " " | ८, | श्री पवित्रा थापा राना |
| " " " | ९, | श्री खुसिजंग गुरुङ |
| " " " | १०, | श्री गंगा बहादुर थापा |
| " " " | ११, | श्री शिव प्रसाद जोशी |
| " " | | श्री हिरालाल विश्वकर्मा |
| " " | | श्री श्रीनाथ ढुलाल |
| " " | | श्री कल्पना थापा बोहरा |
| " " | | श्री विमला न्यौपाने अधिकारी |
| " " | | श्री सुकमाया गुरुङ |
| " " | | श्री सुकमाया घर्ती |
| " " | | श्री मनिता परियार |

## सहजकर्ता कर्मचारीको उपस्थिति

| | |
|---|---|
| अधिकृत | श्री शम्भु प्रसाद घिमिरे |
| कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०५/०४ गतेको बैठक

## बेसीशहर नगर कार्यपालिकाको कार्यालय
## लमजुङ, गण्डकी प्रदेश, नेपाल

### नगर कार्यपालिकाको मिति २०८१/०५/०४ गतेको बैठकका प्रस्तावहरु

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।

२. उच्च अदालत पोखरामा परेको रीटको सम्बन्धमा ।

३. आ.व.२०८०/८१ को अन्तिम लेखा परिक्षण सम्बन्धमा ।

४. समिक्षा कार्यक्रमको सञ्चालन तालिका सम्बन्धमा ।

५. विविध

- सम्पति विवरण
- परिपत्रहरुको सम्बन्धमा ।

### बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**

मिति २०८१/०४/२७ को नगर कार्यपालिका बैठकले गरेका निर्णहरुको कार्यान्वयन अवस्थाका विषयमा यस बैठकमा समिक्षा गरियो ।

**निर्णय नं.२: उच्च अदालत पोखरामा परेको रीटको सम्बन्धमा ।**

(क) निवेदक एकदेव घिमिरेले यस बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बेसीशहर लमजुङ,बेसीशहर नगरपालिकाका नगरप्रमुख श्री गुमानसिंह अर्याल र बेसीशहर नगरपालिका, नगर शिक्षा समिति समेतलाई विपक्षी बनाई (081-WO-0023/124) तथा अर्को निवेदक खुसीराम बरालले नगर शिक्षा समिति समेतलाई विपक्षी बनाई (081-WO-0024/125) उत्प्रेषणयुक्त परमादेश लगायत अन्य उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरिपाउँ भनि मिति २०८१/४/२७ मा सम्मानित उच्च अदालत पोखरामा दिनु भएको रिट निवेदन उपर सम्मानित उच्च अदालत पोखराबाट मिति २०८१/०४/२८ मा जारी १५ दिने सूचना म्याद मा.न्यायाधिसज्यूको आदेश र निवेदनको प्रतिलिपीसाथ मिति २०८१/०४/३० मा तामेल भएको र यसमा के कसो भएको हो? निवेदकको माग वमोजिमको आदेश किन जारी गर्नु नपर्ने हो ? माग वमोजिमको आदेश नगर्नुपर्ने कुनै कानून सम्मत आधार र कारण भए म्याद तामेल भएका मितिले बाटोको म्याद बाहेक १५ दिनभित्र आफैं वा प्रतिनिधिमार्फत लिखित जवाफ तयार गरी पेश गर्नुपर्ने र निवेदकले अन्तरिम आदेश समेत माग गरेको सन्दर्भमा दुवै पक्ष राखि अन्तरिम आदेश जारी हुने वा नहुने सम्बन्धमा मिति २०८१/५/५ गते छलफलको लागि पेशी तोकिएकोले उक्त दिन यस मुद्दामा उपस्थित समेत हुनुपर्ने अवस्था भएकोले यसका लागि उक्त दुवै मुद्दामा उक्त पेशीको दिन

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०५/०४ गतेको बैठक

२०८१/५/५ गते छलफल हुने समयमा उपस्थित हुन, म्याद भित्र लिखित जवाफ लिई पेश गर्न तथा उक्त मुद्दामा अन्य आवश्यक कामको लागि बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, नगरप्रमुख र नगर शिक्षा समितिको तर्फबाट प्रतिनिधित्व गर्न हाल अर्को व्यवस्था नभए सम्म नगरकार्यपालिकाको कार्यालयमा कम्प्युटर अपरेटर पदमा कार्यरत श्री रेशम घिमिरेलाई तोकी पठाउने निर्णय गरियो ।

(ख) यस बिषयमा उक्त दुवै मुद्दामा बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, नगरप्रमुख र नगर शिक्षा समितिको तर्फबाट समयमै लिखित जवाफ तयार गर्न र आवश्यक समयमा अदालतमा वहश पैरवी तथा अन्य आवश्यक कार्य समेत गर्नको लागि वरिष्ठ अधिवक्ता हरि प्रसाद सुवेदीलाई तोक्ने र नीजलाई सो वापतको पारश्रमिक नगरपालिकाले उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं.३: आ.व.२०८०/८१ को अन्तिम लेखा परिक्षण सम्बन्धमा ।</u>

बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को अन्तिम लेखा परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयबाट टोली खटिई आएको साथै लेखा परीक्षणको लागि गरिने परिचयात्मक/प्रवेश बैठकमा वडाध्यक्षहरु समेत सहभागी हुने सम्बन्धमा यस बैठकमा जानकारी गराइयो ।

<u>निर्णय नं.४: समिक्षा कार्यक्रमको सञ्चालन तालिका सम्बन्धमा ।</u>

यही मिति २०८१/५/७ मा जिल्ला समन्वय समितिको हलमा हुने नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को बार्षिक प्रगति समिक्षा बैठकको कार्यतालिका बारे यस बैठकमा छलफल गरिनुको साथै तयार गरिएको कार्यतालिका वमोजिम समिक्षा बैठक सञ्चालन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.५: सम्पति विवरण सम्बन्धमा ।</u>

आर्थिक वर्ष २०८०/८१ को सम्पति विवरण बुझाउन बाँकी जनप्रतिनिधि तथा कर्मचारीहरुले अविलम्ब कार्यालयमा सम्पति विवरण पेश गर्ने/गर्न लगाउने सम्बन्धमा यस बैठक मार्फत ध्यानकर्षण भयो ।

<u>निर्णय नं.६: परिपत्रहरुको जानकारी सम्बन्धमा ।</u>

विभिन्न विषयहरुमा देहायका निकायहरुबाट प्राप्त भएका पत्रहरुको बारेमा यस कार्यपालिका बैठकमा जानकारी भयो साथै यसका सम्बन्धमा नगरपालिका र वडा कार्यालयहरुबाट आवश्यक सहयोग, समन्वय र सहजीकरण हुने निर्णय गरियो ।

<u>देहाय:</u>

| क्र.सं | पत्र पठाउने निकायको नाम | मुख्य विषय | नगरपालिकाको भूमिका |
|---|---|---|---|
| १. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ग वर्गको अपाङ्गता सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा । | निर्देशन अनुरुप आवश्यक कार्य गर्ने । |
| २. | संघीय मामिला तथा | राष्ट्रिय महिला आयोगले माग | नीतिगत व्यवस्थाको |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०५/०४ गतेको बैठक

| क्र.सं | पत्र पठाउने निकायको नाम | मुख्य विषय | नगरपालिकाको भूमिका |
|---|---|---|---|
| | सामान्य प्रशासन मन्त्रालय | गरेको नीतिगत सिफारिसको कार्यान्वयन अवस्था खुलाई पठाउने सम्बन्धमा । | कार्यान्वयन अवस्था बारे प्रतिवेदन तयार गरी पठाउने । |
| ३. | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | जानकारी उपलब्ध गराउने सम्बन्धमा । | जानकारी उपलब्ध गराइदिने । |

गुमान सिंह अर्याल
नगर प्रमुख